## आयोजनाको नक्सा




## माथिल्लो त्रिशुली ३ बि जलविद्युत आयोजनाको विशेषताहरु

| | |
|---|---|
| ***आयोजना निर्माण स्थल*** | |
| अन्चल / जिल्ला | बाग्मती / रसुवा र नुवाकोट |
| वाँध स्थान | किस्पांग गाउँपालिका (नुवाकोट) र उत्तरगया गाउँपालिका (रसुवा) |
| विद्युतगृह स्थान | किस्पांग गाउँपालिका (नुवाकोट) |
| ***साधारण विशेषता*** | |
| जडित क्षमता | ३७ मेगावाट |
| योजनाको प्रकार | रन-अफ-रिभर (UT 3A को क्यासकेड) |
| नेट हेड | ८५.३७ मी. |
| कुल इनर्जी उत्पादन (गिगावाट आवर) | सुख्खायाम: १३४.८८<br>वर्षायाम: १५७.७०८<br>जम्मा: २९२.५८४ |
| ***हाईड्रोलोजी*** | |
| क्षेत्रफल | ४५७७ वर्ग कि.मी. |
| डिजाइन डिस्चार्ज (७०% पि.ओ.इ. मा) | ५१.० घन मी. / से. |
| ***विद्युतगृह*** | |
| टर्बाइन | भर्टिकल एक्सीस फ्रान्सिस |
| संख्या | २ x १९.१ मेगावाट |
| साइज | (३७.६ x १६.८ x २७.४) घन मी. |
| ***विद्युत प्रसारण लाइन*** | |
| दूरी | ३ कि.मी. (3B हबसम्म) |
| भोल्टेज | १३२ कि.भोल्ट |

TJVCL

# त्रिशुली जलविद्युत कम्पनी लिमिटेड



**संक्षिप्त परिचय**

**२०७४ भाद्र**

**माथिल्लो त्रिशुली ३ बि जलविद्युत आयोजना**
**किस्पांग गाउँपालिका, नुवाकोट**

***सम्पर्क***
**बनस्थली, काठमाडौँ**
**फोन: ०१-४३८४४४३**
**फ्याक्स: ०१-४३६३६८१**
**इमेल: tjcl2068@gmail.com**
**www.trishulijalvidhyut.com.np**

## परिचय

त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको स्थापना वि.सं. २०६८ बैशाख २८ (ई.सं. २०११मे११) मा नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसंचार कम्पनी लिमिटेडको सहकार्यमा भएको थियो । यस कम्पनीद्वारा हाल माथिल्लो त्रिशुली ३ बि जलविद्युत आयोजना प्रवर्धन भैरहेको छ । यस आयोजनाको उत्पादन अनुमतिपत्र वि.सं. २०७२ जेष्ठ २४ (ई.सं. २०१५ जुन ७) मा कम्पनीलाई प्रदान गरिएको थियो।

## आयोजनाको पृष्ठभूमि

माथिल्लो त्रिशुली ३ बी रन-अफ-रिभर प्रकारको जलविद्युत आयोजाना हो । माथिल्लो त्रिशुली ३ ए (६० मेगावाट) को क्यासकेड प्रकार भएको यस आयोजना रसुवा र नुवाकोट जिल्लामा पर्दछ । दुई उत्पादन ईकाइ भएको यस आयोजनाको कूल जडित क्षमता ३७ मेगावाट रहेको छ । हरेक ईकाइहरुमा १९.१ मेगावाटको फ्रान्सिस टर्बाइन जडान गरिनेछ । हाल यस आयोजना वित्तीय व्यवस्थापनको चरणमा रहेको छ । यस आयोजनाको लागि चाहिने ऋण (आवस्यक पुँजीको ७०%) संकलन कार्य कोष एजेन्सीहरु मार्फत चलिरहेको छ भने स्व:पुँजी (आवस्यक पुँजीको ३०%) लगानी कर्ता नेपाल विद्युत प्राधिकरण, नेपाल दूरसंचार कम्पनी लिमिटेड, स्थानीय विकास एजेन्सीहरू र सर्वसाधारण रहेका छन् ।

## आयोजनाको वर्तमान स्थिति

- विद्युत बिकास बिभागद्वारा उत्पादन अनुमति पत्र प्राप्त भइसकेको छ ।
- विद्युत खरिद-बिक्री संझौता (पि.पि.ए.) वि.सं. २०७४ भाद्र ६ गते सम्पन्न भइसकेको छ ।
- आयोजनाको निर्माण कार्य ई.सं. २०१७ को अन्त्य देखि सुरु गर्ने लक्ष्य लिईएको छ ।
- कम्पनीको परामर्शदाताको रुपमा इ.एल.सी. इलेक्ट्रोकन्सल्ट यस.पि.ए., इटली र सोइल टेस्ट प्रा.लि. काम गरिरहेका छन ।
- मुख्य ठेकेदार छनौट कार्य अन्तिम चरणमा छ ।
- साइट आवास तथा कार्यालय भवन निर्माण कार्य सम्पन्न भइसकेको छ ।
- विद्युतगृहको लागि जग्गा अधिग्रहणको कार्य र सुरुङ खन्ने कार्य पूर्ण हुने क्रममा छन् ।

## आकर्षक विशेषताहरु

- क्यासकेड प्रकारको आयोजना भएका कारण छुट्टै बाँधको आवस्यकता नपर्ने ।
- हेडरेस र पेनस्टक पाइपका लम्बाई अत्यन्त छोटा रहेका छन ।
- बर्षको करिब ८ महिनासम्म घन मी. / से. को पानीको प्रवाह पाउन सकिन्छ।
- विद्युत प्रसारण लाइनको दूरी अत्यन्त छोटो (३ कि.मि.) रहेको र त्रिशुली ३ बि हबमा जोडिएको छ ।

## आयोजनाको औचित्य

लोडसेडिङ्ग नेपालको एक प्रमुख समस्या भएको छ । विद्युत मांग पूर्ण रुपमा पूरा हुन पाएको छैन । लोडसेडिङ्गको प्रतिकूल प्रभाव नागरिकहरुको दैनिक जीवनमा मात्र नभएर राष्ट्रको अर्थव्यवस्थामा पनि परेको छ । त्रिशुली ३ बि को निर्माण र राष्ट्रिय ग्रिडमा ३७ मेगावाटको जडानले केही हद सम्म वर्तमान विद्युत मांगलाई पुरा गर्नेछ ।